उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

# उत्तरगया गाउँपालिका गाउँसभाको बैठकमा गाउँपालिका उपाध्यक्ष श्री चमेली गुरुङद्वारा प्रस्तुत आर्थिक बर्ष २०८०/०८१ को बजेट बक्तव्य

२०८० साल असार ७ गते

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

## आ.व २०८०/०८१ को बजेट बक्तव्य

सभाका अध्यक्ष महोदय, गाउँसभा सदस्यज्यूहरु, गाउँ कार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुखज्यूहरु, सम्पुर्ण कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।

संङ्घीय र प्रदेश सरकारले आ.व. २०८०/०८१ का लागि आ–आफ्नो कार्यक्रम तथा बजेट र योजना पेश गरिसकेकाले नेपालको संविधानको धारा (५९) को उपधारा (३) र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम स्थानीय सरकारको हैसियतले हामी आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेट र योजना पेश गर्ने चरणमा छौं । सिमित श्रोत र असिमित इच्छा तथा आकांक्षाहरुलाई सम्बोधन गर्नु निश्चय नै चुनौतिपूर्ण हुन्छ, तर राज्यले लिएको समृद्ध नेपाल सुखि नेपालीको नारालाई आत्मसाथ गर्दै यसलाई अवसरको रुपमा अगाडी बढ्नुको अर्को विकल्प छैन ।

संविधान प्रदत्त हक अधिकार सहित गठित यस उत्तरगया गाउँपालिकाको आ.व २०८०/०८१ को बजेट तथा कार्यक्रम यस गरिमामय सभा समक्ष पेश गर्न प्रस्तुत भएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा हक अधिकारको प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात तथा अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

**सभाध्यक्ष महोदय,**

यस सभामा उत्तरगयाबासीको इच्छा र आवश्यकतालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व.२०८०/०८१ को बार्षिक कार्यक्रम तथा बजेट र योजना यस सम्मानित सभा मार्फत समग्र उत्तरगया गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वीत महशुस गरेको

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बाग्मती प्रदेश नेपाल
२०७३

छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियान्ताहरु, शिक्षक, सम्पूर्ण कर्मचारी वर्ग, पत्रकार, तथा समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक बर्ष २०८०/०८१ का बजेट देहायका उदेश्यहरुलाई लक्षित गरी तर्जुमा गरिएको छ।

क. उपलब्ध श्रोत, साधन, अवसर र क्षमताको उच्चतम परिचालन गर्दै गाउँपालिका बासीको आवश्यकता परिपूर्ति गरी समृद्धि हासिल गर्ने,

ख. कृषि, पशुपाल, घरेलु तथा साना उद्योग आदि मार्फत उत्पादन र उत्पादकत्वलाई जोड दिई उत्तरगया गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्ने,

ग. सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास एवं सुशासन प्रवद्र्धन गरी "सभ्य समृद्ध उत्तरगया हाम्रो शान, कृषि, जलश्रोत, पर्यटन विकासको अभियान" भन्ने मुलनारालाई साकार पार्न योगदान गर्ने,

घ. संक्रमण लगायत सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै, जनजीवनलाई सहज र सुरक्षित बनाउने ।

**सभाध्यक्ष महोदय,**

बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु।

१) प्रभावकारी सेवा प्रवाह, सुशासन, आर्थिक एवं वित्तिय अनुशासन, जनउत्तरदायित्व, जवाफदेहीता, प्रवर्धन,

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

२) विभिन्न किसमका रोगको रोकथाम, नियन्त्रण र उपचार एवं भविष्यमा आउन सक्ने यस प्रकारको महामारी विरुद्ध लड्न स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउदै स्वास्थ्य पूर्वाधार विकास, जनशक्तिको क्षमता अभिवृद्धि र स्वास्थ्य विमाको विस्तार, टेलिमेडिसिन सेवा सञ्चालन,

३) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने विषय,

४) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्र,

५) उद्यमशीलताको विकास, रोजगारी सिर्जनन, जनताको जीवन स्तर वृद्धि र गरिवी न्युनीकरण,

६) स्थानीय सहभागिता जुट्ने, स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने भौतिक पूर्वाधार विकास, सडक सञ्जाल तथा सामाजिक विकास,

७) स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिको उपयोगमा जोड,

८) पर्यटन पूर्वाधारको पहिचान, विस्तार तथा पर्यटन क्षेत्रको प्रवर्धनका आयोजनाहरु,

९) शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा विशेष सुधार,

१०) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

११) दिगो विकास, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,

१२) आन्तरिक राजस्व वृद्धि र परिचालनमा योगदान पुऱ्याउने,

१३) गाउँपालिकाबाट उत्पादन हुने बस्तुको बजारिकरण गर्न कम्पनी, फर्म, समुह तथा सहकारी मार्फत बजारिकरणको गर्ने,

१४) गाउँपालिकाका सबै किसानलाई उत्पादन मुलक सहकारी, समुह तथा साझेदारी कार्यक्रममा आवद्ध गराई गाउँपालिकाबाट वितरण गरिने अनुदान तथा प्रोत्साहनको वितरण न्यायोचित बनाउने ।

सभाध्यक्षज्यू,

अब म गत आ.व. २०७८।०७९ को यथार्थ, चालु आ.व. २०७९।०८० को संशोधित अनुमान तथा आगामी आ.व. २०८०।०८१ को आय व्यय को अनुमान पेश गर्ने अनुमती चाहन्छु ।

गत वर्ष २०७८।०७९ मा राजस्व आम्दानी तर्फ रु.३७ करोड ३६ लाख ७४ हजार प्रक्षेपण गरिएकोमा रु. ३६ करोड ८५ लाख ७६ हजार गाउँपालिकाको संचित कोषमा दाखिला भएको छ।

जसमा संङ्घीय समानिकरण अनुदान वापत रु. ८ करोड १९ लाख, संङ्घीय सशर्त अनुदान तर्फ रु. १४ करोड ८७ लाख, संङ्घीय विशेष अनुदान तर्फ रु. १ करोड ४ लाख, प्रदेश समानिकरण अनुदान तर्फ रु.६५लाख १६ हजार, प्रदेश सशर्त तर्फ रु.१ करोड ३५ लाख, प्रदेश विशेष अनुदान तर्फ रु.५२ लाख, प्रदेश राजस्व बाँडफाँड तर्फ रु.८९ लाख ४८ हजार, संङ्घीय राजस्व बाडँफाट तर्फ रु. ५ करोड ६ लाख, आन्तरिक श्रोत तर्फ रु.२४ लाख ७५ हजार र गत बर्षको बैंक मौज्दात वापत रु.३ करोड ८६ लाख अनुमान गरिएको थियो ।

जसमा क्रमशः संङ्घीय समानिकरण अनुदान तर्फ रु. ८ करोड १९ लाख, संङ्घीय सशर्त अनुदान तर्फ रु. १४ करोड ३७ लाख, संङ्घीय विशेष अनुदान तर्फ रु. १ करोड ४ लाख, प्रदेश समानिकरण अनुदान तर्फ रु.६५लाख १६ हजार, प्रदेश सशर्त तर्फ रु.१ करोड ३५ लाख, प्रदेश विशेष अनुदान तर्फ रु.५२ लाख, प्रदेश राजस्व बाँडफाँड तर्फ रु.९३ लाख ७८ हजार, संङ्घीय राजस्व बाडँफाट तर्फ रु. ४ करोड ७९ लाख, आन्तरिक श्रोत तर्फ रु.४६ लाख १७ हजार र गत बर्षको बैंक मौज्दात तर्फ रु.३ करोड ८६ लाख आम्दानी भएको देखिन्छ ।

यसैगरी आ.व २०७८/०७९ मा खर्च प्रगती तर्फ चालु खर्च ८०.६१ % र पुँजिगत खर्च ८३.३%, गरी जम्मा ८१.५४% वित्तीय प्रगति भएको देखिन्छ ।

सभाध्यक्ष महोदय,

चालु आ.व २०७९/०८० मा चालु खर्च तर्फ रु.२७ करोड २८ लाख ६८ हजार र पुँजीगत खर्च तर्फ रु.१३ करोड ३ लाख ८० हजार गरी जम्मा रु. ४० करोड ३२ लाख ४८ हजार विनियोजन भएकोमा देशमा विद्यमान आर्थिक मन्दि, आर्थिक क्रियाकलापमा भएको संकुचन, व्यापार व्यवसायमा भएको शिथिलता, राजस्व संकलनमा भएको संकुचन र आन्तरिक श्रोतको कमी तथा संङ्घीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदानको अन्तिम किस्तामा भएको कटौतीका कारण अनुमान गरिए अनुसारको राजस्व प्राप्त नहुने संशोधित अनुमान रहेको छ ।

सभाध्यक्ष महोदय,

जसमा संङ्घीय समानिकरण अनुदान तर्फ रु.८ करोड ७२ लाख, संङ्घीय सशर्त अनुदान तर्फ रु.१५ करोड ९४ लाख १८ हजार, प्रदेश समानिकरण तर्फ रु. ७६ लाख ७६ हजार, प्रदेश सशर्त तर्फ रु.१ करोड ९८ लाख, प्रदेश विशेष अनुदान तर्फ रु.२ करोड, प्रदेश राजस्व बाँडफाँड तर्फ रु.१ करोड ३ लाख, संङ्घीय राजस्व बाँडफाँड तर्फ रु. ६ करोड ३८ लाख, आन्तरिक श्रोत तर्फ रु. ३१ लाख र गत बर्षको बैंक मैज्दात तर्फ रु. ३करोड ३७ लाख आम्दानी हुने प्रक्षेपण भएको थियो ।

यद्यपी, संङ्घीय समानिकरण अनुदान तर्फ रु.७ करोड ६३ लाख, संङ्घीय सशर्त अनुदान तर्फ रु.१५ करोड ९४ लाख १८ हजार, प्रदेश समानिकरण तर्फ रु. ७६ लाख ७६ हजार, प्रदेश सशर्त तर्फ रु.१ करोड ९८ लाख, प्रदेश विशेष अनुदान तर्फ रु.२ करोड, प्रदेश राजस्व बाँडफाँड तर्फ रु.९५ लाख, संङ्घीय राजस्व बाँडफाँड तर्फ रु. ४ करोड ९२ लाख, आन्तरिक श्रोत तर्फ रु. ३० लाख र गत बर्षको बैंक मैज्दात तर्फ रु. ३ करोड ३७ लाख आम्दानी हुने संशोधित अनुमान रहेको छ ।

समग्रमा चालु आ.व मा प्रक्षेपण गरिएको भन्दा करिव रु.२ करोड ५० लाख कम राजस्व आम्दानी हुने देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८०/०८१ मा जम्मा आय रु. ३९करोड ७५ लाख ८० हजार ३ सय हुने अनुमान रहेको छ।

जसमा संङ्घीय समानिकरण अनुदान तर्फ रु.७ करोड ७५ लाख, संङ्घीय सशर्त अनुदान तर्फ रु.१५ करोड २७ लाख, संङ्घीय विशेष अनुदान तर्फ रु.१ करोड ५० लाख, संङ्घीय समपुरक अनुदान तर्फ रु.५० लाख, प्रदेश समानिकरण तर्फ रु. ७२ लाख ६० हजार, प्रदेश सशर्त तर्फ रु.१ करोड ५९ लाख, प्रदेश विशेष अनुदान तर्फ रु.८७ लाख, प्रदेश समपुरक अनुदान तर्फ रु. ७५ लाख, प्रदेश राजस्व बाँडफाँड तर्फ रु.१ करोड १३ लाख, संङ्घीय राजस्व बाँडफाँड तर्फ रु. ६ करोड ४८ लाख, स्थानीय राजस्व बाँडफाँड तर्फ रु.२० लाख, आन्तरिक श्रोत तर्फ अल्या समेत रु. २ करोड ९८ लाख प्राप्त हुने अनुमान छ ।

त्यसैगरी आर्थिक वर्ष २०८०/०८१ मा जम्मा व्यय अनुमान रु.३९ करोड ७५ लाख ८० हजार ३ सय रहेको छ । जसमध्ये संङ्घीय र प्रदेश सरकारबाट सशर्त, विशेष र समपुरक अनुदान वापत गाउँपालिकालाई हस्तान्त्रण हुने बजेटको अंश बाहेक गाउँपालिकाबाट विनियोजन हुने रु.२० करोड ४९ लाख ९६हजार मध्ये चालुतर्फ रु.१३ करोड ६० लाख ९६ हजार र पूँजीगत तर्फ रु.६ करोड ८९ लाख रहेको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व २०८०।०८१ को लागि छनौट गरिएका मुख्य मुख्य योजनाहरुको विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

संङ्घीय सरकारको विशेष अनुदान मार्फत खाल्टे बस्ती तथा ढुङ्गे बस्ती संरक्षणको लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान अन्तर्गत पैरेवेशी मनिगाउँ सडक स्तरोन्नती १ करोड ५० लाख, विनियोजन गरेको छु ।

संङ्घीय सरकार समेतको रु. ५० लाख समपुरक अनुदान हुनेगरी वडा नं ३ कार्यालय भवन निर्माणको लागि रु. १ करोड ३० लाख विनियोजन गरेको छु ।

साझेदारिमा कृषि तथा पशुपालन उद्यमशिलता कार्यक्रमका लागि रु. १ करोड २० लाख विनियोजन गरेको छु।

बागमती प्रदेश सरकारको विशेष अनुदान मार्फत गट्टिखोला मुहान गरी घडेरीडाँडा सिरुचेत भदौरे खानेपानी योजनामा रु. ८७ लाख विनियोजन गरेको छु ।

यसका साथै संघ, प्रदेश र स्थानीय तहबाट श्रोत सुनिश्चित हुने गरी अनुसूची-१ मा भएका कार्यक्रमहरुमा बजेट विनियोजन गरिएको र जसमध्ये तपशिल बमोजिमका मुख्य मुख्य योजना तथा कार्यक्रमहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

<u>तपशिल</u>

| क्र सं | योजना/कार्यक्रमको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | डम्पिङ साइट स्थापनार्थ अध्ययन तथा स्थापना | ५ लाख |
| २ | सरकारी जग्गा नक्साङ्कन | ५ लाख |
| ३ | अदुवा तथा बेसार खेती प्रवर्धन कार्यक्रम | ५ लाख |
| ४ | चाइनिज भाषा कक्षा संचालन | ५ लाख |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन | १० लाख |
| ६ | बोगटीटार डिप बोरिङ्ग सिँचाई वडा नं ५ | ७ लाख |
| ७ | खानेपानि पुर्वाधार निर्माण निरन्तरता | १५ लाख |
| ८ | Helipad निर्माण | ५ लाख |

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

| | | |
|---|---|---|
| ९ | फिकुरी पदमार्ग विकास | ५ लाख |
| १० | धार्मिक तथा सांस्कृतिक कार्यक्रम संचालन, संबर्धन तथा संस्था सहायता | १०लाख |
| ११ | विपद् पश्चात स्थानीय पुनर्स्थापना तथा पुननिर्माण | ६० लाख |
| १२ | स्थानीय पाठ्यक्रम निर्माण | १० लाख |
| १३ | गाउँपालिका स्तरिय खेलकुद कार्यक्रम | ८ लाख |
| १४ | राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन | १० लाख |
| १५ | उच्च शिक्षा अध्ययन छात्रवृति | ११ लाख ७० हजार |
| १६ | कक्षा ८,९, र १० का विद्यार्थीहरुलाई अतिरिक्त कक्षा | ५ लाख |
| १७ | दिवा खाजा थप अनुदान | १० लाख |
| १८ | बाराही आ.वि विद्यार्थी बसाई व्यवस्थापन अनुदान | १५ लाख |
| १९ | बालविकास कक्षा र बसाई व्यवस्थापन (भौतिक) अनुदान | १३लाख ३० हजार |
| २० | मालिकादेवी आ.वि अस्थाई भवन | १५ लाख |
| २१ | विद्यार्थी १-५ ट्र्याक सुट, स्टेशनरी , जुत्ता अनुदान | २५ लाख |
| २२ | तिरु आ वि अधुरो भवन निर्माण | २१ लाख |
| २३ | पञ्चलिङ्गे आ वि मर्मत तथा खेलमैदान व्यवस्थापन | १० लाख |
| २४ | भुमेदेवी आ वि खेलमैदान व्यवस्थापन | ७ लाख |
| २५ | गाउँपालिका भित्रका जडिबुटी जन्य वनस्पतिहरुको अध्ययन | ५लाख |
| २६ | ज्येष्ठ नागरिकहरुको लागि स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम/गाउँघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन | ६ लाख |
| २७ | निशुल्क स्वास्थ्य विमा कार्यक्रम | १० लाख |
| २८ | नुवाकोट ब्लड बैंक सञ्चालन सहयोग | ३ लाख |
| २९ | टेलिमेडिसिन संचालन व्यवस्थापन | ३० लाख |
| ३० | फिजियोथेरापी सेवा संचालन व्यवस्थापन | ६ लाख |
| ३१ | व्यावसायीक फलफुल खेती प्रवर्द्धन कार्यक्रम | १० लाख |

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

| | | |
|---|---|---|
| ३२ | दलित /अल्पसंख्यक /सीमान्तकृत समुदाय तथा वर्गका लागि आय आर्जनमूलक कार्यक्रम | ३ लाख |
| ३३ | दलित उद्यमी प्रोत्साहन कार्यक्रम | ३ लाख |
| ३४ | महिला क्षमता अभिवृद्दी कार्यक्रम | ५ लाख |
| ३५ | दुध उत्पादनमा अनुदान | ५ लाख |
| ३६ | दुधालु पशु विमा कार्यक्रम (५० प्रतिशत अनुदान) | ५ लाख |
| ३७ | दुग्ध उत्पादन सामाग्री खरिद | २५ लाख |
| ३८ | मेलमिलापकर्ता आधारभुत तालिम संचालन ८ दिने | ८ लाख |

सभाध्यक्ष महोदय,

हाम्रा आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनबाट समग्र उत्तरगयाबासीको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चुनौतिपूर्ण छ। त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ। यस तर्फ सम्पुर्ण सदस्यज्यूहरुको सहयोग र सहकार्य हुनेछ भन्ने आशा लिएको छु। अन्त्यमा वजेट निर्माण कार्यमा मार्ग निर्देश गर्नुहुने श्रद्धेय अध्यक्षज्यू, सभा सदस्य ज्यूहरु, लगायत बजेट निर्माण कार्यमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।